**लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं**

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।

**लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख ०४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 16 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२४

## हाजिरी जमानीमा छाडेपछि अन्सारी र डा साहविरुद्धको मुद्दा कमजोर बन्दै

प्रस, वीरगंज, ३ वैशाख/

नेशनल मेडिकल कलेजका सञ्चालक शाहनवाज अन्सारी र प्रयोगशाला प्रमुख डा सञ्जय साहविरुद्ध



तस्वीरः फाइल

कालोबजारीसम्बन्धी मुद्दा अहिले ओझेलमा परेको छ। राजनीतिक दबाबका कारण पर्सा प्रहरीले नेशनल मेडिकल कलेजको प्रयोगशालामा मिति गुज्रिएका केमिकल बरामद भएपछि प्रबन्ध निर्देशक एवं सञ्चालक अन्सारी र प्रयोगशाला प्रमुख डा साहलाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएपछि उनीहरूविरुद्ध पहिलो चरणमा दुई दिनको म्याद थपेको प्रहरीले दोस्रोपटक पाँच दिनको म्याद थप गरेकै दिन उच्च राजनीतिक दबाबमा हाजिरी जमानीमा छाडेको थियो। प्रहरी अनुसन्धान अधिकृतलाई हाजिरी जमानीमा छाड्ने अधिकार भएपनि हाजिरी जमानीमा छाड्नुपर्ने उचित कारण भने देखाउनुपर्नेमा सो देखाइएको छैन। दोस्रोपटक पाँच दिनको म्याद थप गरेकै दिन चैत २८ गते बेलुकी दुवैजनालाई प्रहरीले हाजिरी जमानीमा छाडेको थियो ।

पर्सा जिल्ला अदालतबाट दिउँसो म्याद थप गरेको प्रहरीले सो दिन राजनीतिक दबाब थेग्न नसकेर मध्यरातमा दुवैजनालाई हाजिरी जमानीमा छाड्नुपरेको थियो । अस्पतालका प्रबन्ध निर्देशक एवं सञ्चालक अन्सारी पक्राउ परेकै दिन चैत २६ गते रातिदेखि मुटु दुखेको कारण देखाएर वीरगंज हेल्थकेयरको सघन उपचार कक्ष (आइसियू)मा भर्ना भएका थिए ।

हाजिरी जमानीमा छाड्ने निर्णय भएपछि उनलाई मध्यराति १ बजे आइसियुबाट बाहिर निकालिएको थियो र अहिलेसम्म उनी ठीकठाक अवस्थामा छन्। प्रहरीले हाजिरी जमानीमा छाडेपछि यो मुद्दालाई अगाडि बढाएको छैन । प्रहरीले कालोबजारीमा २२ दिनभित्र अदालतमा मुद्दा दायर गर्नुपर्ने हुन्छ। यो अवधिसम्म अभियुक्तहरूलाई थुनामा राखेर अथवा बाहिर राखेर अनुसन्धान गर्ने भन्ने विषयमा निर्णय लिनुपर्ने हुन्छ।

शुरूमा अदालतबाट म्याद थप गरेको प्रहरीले हिजो दोस्रोपटकको पाँच दिनको म्याद सकिएको तर मधेस प्रदेशमा सार्वजनिक बिदा भएको कारण थप म्याद लिन सकेन तर आज पनि अदालतबाट म्याद थप गर्न सकेन । पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले अभियुक्तहरूलाई हाजिरी जमानीमा छाडेको र घटनाबारे अनुसन्धान जारी रहेको बताए। उनले अनुसन्धान सकिएपछि मुद्दा अदालतमा दायर गरिने जानकारी गराएका छन्।

**यसरी गरिन्थ्यो म्याद गुज्रिएका केमिकलको प्रयोग**

नेशनल मेडिकल कलेजको प्रयोगशालामा म्याद गुज्रिएका केमिकल प्रयोगबारे एकजना प्राविधिकले अटो एनालाइजर मेशीनको नाममा कलेजको प्रयोगशालामा म्याद गुज्रिएका औषधि प्रयोग भइरहेको दाबी गरेका छन्।

उनले अटो एनालाइजर मेशीनले म्याद गुज्रेको केमिकल नस्वीकार्ने सन्दर्भमा त्यहाँका प्राविधिकहरूले सेवाग्राहीहरूको उपचारमा खेलबाड गरिरहेको आरोप लगाएका छन् । ती प्राविधिकले अटो एनालाइजर मेशीनमा म्याद गुज्रिएको केमिकल प्रयोग गर्दा प्राविधिकहरूले मेशीनलाई म्यादवाला केमिकलको ट्याग देखाउने र त्यसमा म्याद गुज्रिएको केमिकलको प्रयोग गर्ने गरेको बताएका छन्।

यसो नगर्ने हो भने कलेजको प्रयोगशालाको फ्रिज र बाहिर ठूलो परिमाणमा केमिकल बरामद हुने थिएन। ३३ प्रकारका केमिकल म्याद गुज्रेको अवस्थामा ल्याबभित्र फेला पर्नुको उद्देश्य अरू केही नभएको र प्रयोगशालाले सो म्याद गुज्रेको औषधि प्रयोग गरिरहेको प्राविधिकको दाबी छ। ल्याबमा प्रयोग हुने केमिकल अतिसंवेदनशील हुनाले यसलाई विधिपूर्वक नष्ट गर्नुपर्नेमा महानगरले संवेदनशीलता नदेखाएको आरोप छ।

## चिनियाँ नागरिक ठगी प्रकरणः प्रहरी अनुसन्धान जारी

प्रस, वीरगंज, ३ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले छापामारी गरेर ठूलो परिमाणमा सूचना प्रविधिका सामानहरू बरामद गरेको आइटीसम्बन्धी एकजना जानकारलाई बोलाएर थप अनुसन्धान भइरहेको बताए।



तस्वीरः फाइल

अनलाइन चिठा र किनमेलको प्रलोभन देखाएर नेपाली तथा विदेशी नागरिक ठगी कार्यमा सक्रिय तीनजना चिनियाँ नागरिकलाई पक्राउ गरेको सम्बन्धमा अहिलेसम्म अनुसन्धान भइरहेको जनाएको छ।

गत चैत १७ गते वीरगंज महानगर–१५ लक्ष्मणवास्थित नन्दु पटेलको घर भाडामा लिएर बसेका चिनियाँ नागरिकहरूले अनलाइन चिठा र किनमेलको प्रलोभन देखाएर ठगी गर्ने कार्य गरेको उजूरीको आधारमा प्रहरीले थियो। सामान बरामदसँगै प्रहरीले चिनियाँ नागरिक लियु गियु काइ, वाङ वोहान र झ्याङ झियोलाई पक्राउ गरेको थियो।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले शुरूमा दोभाषे ल्याएर चिनियाँ नागरिकहरूसँग संवाद गरिएको भएपनि प्रारम्भिक अनुसन्धानमा उनीहरूले अनलाइन ठगी गर्ने गरेको देखिए पनि वास्तविक उद्देश्य भने अहिलेसम्म खुलिनसकेको बताए। उनले यसबारेमा सिआइबीका

प्रहरीले छापामारी गरेर सिपियू १२० थान, मनिटर ११८ थान, मोबाइल ३६ थान, जियो भारतीय सीमकार्ड १३ थान, ल्यापटप चार थान, एक थान प्रिन्टर, विभिन्न बैंकका तीनवटा एटिएम कार्ड, किबोर्ड २६ थान, पाँचवटा इन्टरनेट स्वीच, दुईवटा राउटर, दुईवटा मिनी इन्भर्टर, भारतीय र नेपाली नम्बरका दुईवटा गाडी, मलेशियाको मुद्रा ३७ रिङ्गिट, नेरु ४३ हजार र कम्बोडियाली मुद्रा ३५ सय बरामद गरेको थियो।

## प्रहरीले काठ चोरी गरेको भन्दै स्थानीयले चौकी घेरे

प्रस रौतहट, ३ वैशाख/

अस्थायी प्रहरी चौकी सन्तपुरका इन्चार्जले काठ चोरी गरेको भन्दै सोमवार बिहान स्थानीयले चौकी घेराउ गरेपछि इन्चार्जउपर कारबाई हुने भएको छ ।

चन्द्रपुर नगरपालिका–८ सन्तपुरका कृषि सहकारी साझा संस्थाको भवनमा सञ्चालन हुँदै आएको अस्थायी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक दिनानाथप्रसाद यादव संस्थाकै काठ चोरीको आरोपमा कारबाईमा पर्ने भएका छन्।

चौकीका इन्चार्ज यादवले विभिन्न किसिमका फर्निचर बनाइ आफ्नो घरमा पठाउने गरेको स्थानीय काठ मिस्त्रीबाट जानकारी पाएपछि सन्तपुरवासीले चौकी घेराउ गरेका हुन्।

वडाध्यक्ष जीतेन्द्र चौधरीले संस्थाको केही परिमाणमा काठ इन्चार्ज प्रसनि यादव बस्ने कोठामा समेत भेटिएको बताए। उनका अनुसार चोरिएको काठको क्षतिपूर्ति र इन्चार्ज यादवलाई कारबाईको माग राख्दै चौकी घेराउ गरिएको इन्चार्ज यादव उपर अनुसन्धान गरिने र दोषी ठहरिएमा विभागीय कारबाई हुने आश्वस्त पारेका थिए।



स्थानीयसँग छलफल गर्दै इप्रका, चन्द्रपुरका प्रनि शर्मा। तस्वीरः प्रतीक

वडाध्यक्ष चौधरीले बताएका छन्।

घटनापश्चात् इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरबाट खटिएका प्रहरी निरीक्षक गायत्रीराज शर्माले स्थानीयसँग लामो छलफल गरी चौकीका

संस्थाका अध्यक्ष तथा चन्द्रपुर नगरपालिकाका पूर्वप्रमुख रामचन्द्र चौधरीले संस्थाको काठ मात्र नभई इन्चार्ज यादवले चोरी निकासीको अवैध काठसमेत बरामद गरी निजी उपयोग गरेको आरोप लगाएका छन्।

## जनताले चाहे राजनीतिमा आउँछु –महानायक हमाल

प्रस, वीरगंज, ३ वैशाख/

महानायक राजेश हमालले जनताले चाहेमा आफू राजनीतिमा आउने बताएका छन् । सिमरामा जारी गोल्डकपको समापन कार्यक्रममा सहभागी हुन आएका महानायक हमालले सोमवार बिहान गहवामाई मन्दिरको दर्शनपछि पत्रकारहरूसँग सङ्क्षिप्त कुराकानीमा सो कुरा बताएका हुन्।

उनले आफू २६ वर्षपछि वीरगंज आएको बताए। २६ वर्षअगाडि ज्वाला सिनेमाको छायाङ्कनको क्रममा वीरगंज आएको र त्यसपछि आज मात्र आउने सौभाग्य जुरेको उनले बताए।



तस्वीरः प्रतीक

## विप्लवको कृतिबारे चर्चा

प्रस, परवानीपुर, ३ वैशाख/

साहित्यकार विप्लव प्रतीकको भर्खरै प्रकाशित 'साडेन फ्रोएडा' पुस्तकबारे वीरगंजमा परिचर्चा सम्पन्न भएको छ। ज्ञानदा एकेडेमीमा आयोजित कार्यक्रममा कवि प्रतीकले पुस्तकबारे चर्चा गरेका थिए। उनले १७ अक्षरलाई तीन लाइनमा क्रमशः ५, ७, ५ अक्षरको हाइकू सङ्ग्रहको पुस्तकको नाम जर्मन शब्दबाट राखेका छन् । जसको अर्थ 'अरूको दुःखमा रमाउनु' हो। १८ वर्षको अवधि लागेको यो कृति नेपालयले प्रकाशित गरेको हो । यसअघि उनका विभिन्न विधाका चारवटा पुस्तक प्रकाशित छन्।

वीरगंजका साहित्यकार गणेश लाठको अध्यक्षता एवं पत्रकार केसी लामिछानेको सहजीकरणमा सम्पन्न कार्यक्रममा सहभागीहरूले कृतिबारे साहित्यकार प्रतीकसँग साक्षात्कार गरेका थिए।



तस्वीरः प्रतीक

## सबरेमिटबाट दुई लाख चोरेको आरोपमा आले पक्राउ

प्रस, वीरगंज, ३ वैशाख/

वीरगंज महानगरपालिका–१३ शिवनगरस्थित घण्टाघर सबरेमिट प्रालिमा चोरी भएको छ।

आइतवार साँझ ७ बजे सबरेमिटमा कार्यरत श्वेता आलेमगरका पति विनोद आलेमगरले चोरी गरेको अनुसन्धानबाट खुलेको छ।

हिजो साँझ विनोद आलेमगर सबरेमिट कार्यालयमा पुगेर त्यही सँगै रहेको सुहानी मेडिकल हल सञ्चालकलाई

(बाँकी अन्तिम पातामा)




घण्टाघर सबरेमिटको कार्यालय र इन्सेटमा विनोद। तस्वीरः प्रतीक

**विचारसार र सुक्तिहरू**

**बाटो जता जान्छ, त्यता नजाऊ बाटो नभएतिर आफ्नो पदचिह्न बनाउँदै जाऊ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


## किन हच्किने ?

**वीरगंज महानगरपालिकाले यस क्षेत्रमैं एउटा नयाँ प्रयोग थाल्यो, रात्रिबजार सञ्चालन गर्ने । यद्यपि रात्रिबजार भनेको स्वतः र स्वभावगतरूपमा सञ्चालन हुनुपर्ने हो, तर जुन ठाउँमा त्यस्तो संस्कृति छैन, त्यहाँ सरकार, नभए कुनै सक्षम संस्था अघि सर्नैपर्छ । यस मामिलामा वीरगंज महानगरपालिकाले साहसी पाइला चालेको छ । समस्या के छ भने यस कार्यलाई सबैको सहयोग प्राप्त भइरहेको छैन । खासगरी प्रशासनले यस गतिविधिलाई अनुकूल देखिरहेको छैन । प्रशासनसँग सुरक्षाको समस्या छ, त्यो आफ्नो ठाउँमा छ । सुरक्षा चोर–बदमाशबाट मात्र होइन, दशकौंदेखि मद्य प्रतिबन्धित, अन्तर्राष्ट्रिय सीमाविहीन छिमेकी बिहार राज्यका मद्यप्रेमीहरू यसै बहानामा आएर जथाभावी गर्न सक्ने सम्भावना प्रशासनको प्राथमिकतामा छ । तर्क जायज हो, तर कुनै बाधा–व्यवधानको भयले नयाँ बाटो नै नपहिल्याउने मानसिकताले हामीलाई यथास्थितिवादी बनाइदिन्छ । यथास्थितिवादले उन्नतिको मार्ग प्रशस्त पार्न सक्दैन । देशमा व्याप्त बेरोजगारले युवाहरू विदेश पलायन भइरहेको सन्दर्भमा उनीहरूलाई रोजगारको अवसर जुटाउने, सानै भए पनि यो एउटा अवसर त पक्कै हो ।**

**एक वर्ष पहिलेदेखि सञ्चालनमा आएको रात्रिबजार यसपालि लामो समयपछि नयाँ वर्षलाई ताक पारेर आयोजन गरियो । मात्र तीन दिन, त्यसमा पनि एक दिन त आँधी–बेहरीले सुस्त पार्दा पनि सालाखाला रु २ करोडको व्यापार भएको नगरपालिकासम्बद्ध संस्थाहरूको अनुमान छ । यसबाट केही मात्रामा भए पनि व्यापार फस्टाउने अवसर जुर्‍यो । मनोरञ्जनको नाममा सिफर रहेको वीरगंजले मनोरञ्जनको अवसर पायो र आजको आर्थिक प्रतिस्पर्धाले अल्छी बन्न पुगेको बजारको गतिविधिलाई पनि बढाइदियो । मोबाइल र टिभीको लतले शिथिल र निष्क्रियप्रायः बनेको वीरगंजेली समाज केही मात्रामा भए पनि जीवन्त भएको देखियो । बजार राम्ररी जम्न पाइरहेको छैन, त्यो एउटा पक्ष हो, तर जम्न नपाउनुमा रात्रिबजारको अवधारणा गलत भएर होइन, अपितु महीनामा एकदुई दिन मात्र सञ्चालन हुँदा बेहोर्नुपर्ने सास्ती बढी भएर हो । नियमित, दिनदिनै नभए पनि, हप्ताको दुईचार दिन रात्रिबजार लगाउने मानसिकता हामीमा पलाउन सक्यो भने निश्चय नै यसले नगरको व्यापार, मनोरञ्जन, नागरिकको शारीरिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने कुरामा सन्देह गर्नुपर्ने कुनै आधार छैन ।**

**देखासिकी त नभनिहालौं, अहिले राजधानीमा पनि ठमेललगायत केही स्थान रातभरि खुला राख्ने अवधारणा आइरहेको छ । त्यसले अन्य नगरलाई पनि झकझक्याउने निश्चित छ । सङ्घदेखि प्रदेश सरकारको समेत प्राथमिकतामा पर्न नसकेको वीरगंज आफ्नो उन्नति र व्यापारिक गतिविधि बढाउन आफैं नजुर्मुराउने हो भने भोलि यसको हविगत मुर्दा शहर बन्नुबाहेक अरू केही हुने छैन । शहर नागरिकविहीन भएर मात्र मुर्दा बन्दैन, खाने–लाउनेबाहेक अन्य गतिविधिबाट वञ्चित नगर पनि मुर्दा हुन्छ । जहाँ हरियाली छैन, खेलकूद र मनोरञ्जनको विविध साधनको अभाव छ, भएको स्वीमिङ पुलमा माछा पालन गरे पनि आय हुने थियो तर त्यहाँ भ्यागुताको रजाइँ छ । शिक्षा र स्वास्थ्यको अवस्था व्यापारमुखी र व्यापार सेवामुखी बन्नु कुनै पनि शहर मुर्दामा परिणत हुनुको पर्याप्त आधार हो । नागरिक, प्रशासन, सुरक्षा बल सबै यस कुरामा सकारात्मक हुनु जरूरी छ ।**

# २०८० लाई फर्केर हेर्दा

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**२०८० लाई नेपालमा एकै वर्षमा सबैभन्दा धेरै सम्बन्धविच्छेद भएको वर्षको रूपमा लिन सकिन्छ । यो वर्ष करीब ३६००० सम्बन्धविच्छेद भएको तथ्याङ्क छ । सन् २०८० मा सुनको मूल्य अहिलेसम्मकै उच्च भएको रेकर्ड कायम हुन गयो ।**

२०८० लाई हामीले विदा गरिसकेका छौं र नयाँ वर्ष २०८१ को स्वागत गरिसकेका छौं । २०८० लाई फर्केर हेर्दा हामीले के पायौं र केमा चुक्यौं, साथै २०८१ लाई अब हामीले कसरी उपलब्धिमूलक बनाउन सकिन्छ ।

**२०८० का केही घटनाक्रमहरूः**

यो वर्ष दुर्घटनाको वर्षका रूपमा स्मरणीय रहने छ किनभने २०८० भित्र देशमा सडक दुर्घटनामा असाधारण सङ्ख्यामा मानिसको ज्यान गयो ।

२०८० आर्थिक मन्दीको वर्ष पनि रहन गयो, किनभने २०८० को शुरूदेखि अन्त्यसम्म असामान्य मन्दीको बादलले पूँजी बजार, घरजग्गा व्यवसाय र सबै प्रकारका थोक तथा खुद्रा व्यापारलाई नराम्ररी असर पुर्‍यायो ।

यो वर्ष बैंक ऋणको तनाव र व्यापारको बोझले साना तथा मझौला व्यवसायी आत्महत्याको विन्दसम्म पुर्‍याएको वर्षका रूपमा स्मरणीय रहने छ । यसबाहेक भूटानी शरणार्थीकाण्ड लगायतका सार्वजनिक तथा व्यक्तिगत काण्डहरू पनि सुन तस्कर घोटाला, सहकारी घोटाला, अर्थात् घोटाला नै घोटालाको वर्षको रूपमा स्मरणीय रहने छ ।

**यस वर्ष अभूतपूर्व घटनाहरू भएका छनः**

२०८० लाई नेपालमा एकै वर्षमा सबैभन्दा धेरै सम्बन्धविच्छेद भएको वर्षको रूपमा लिन सकिन्छ । यो वर्ष करीब ३६००० सम्बन्धविच्छेद भएको तथ्याङ्क छ । सन् २०८० मा सुनको मूल्य अहिलेसम्मकै उच्च भएको रेकर्ड कायम हुन गयो ।

नेपालको वायु प्रदूषणको स्तर विश्वमा सबैभन्दा बढी छ । सम्भवतः सन् २०८० लाई दोस्रो विश्वयुद्धपछि पनि नेपाली जनताले अर्को देशको पक्ष वा विरुद्ध लड्न गएको वर्षका रूपमा लिन सकिन्छ । रूस–युक्रेन युद्धमा आफ्नो ज्यान जोखिममा पार्ने र रोजगारका लागि जीवनको बलिदान दिने व्यक्तिहरूको रूपमा पनि यो वर्षलाई लिन सकिन्छ ।

अहिलेसम्म सबैभन्दा धेरै आत्महत्या गर्ने, घर नफर्कने, बेपत्ता भएका सबैको वर्ष २०८० थियो । नेपालमा हाई प्रोफाइलको जेल यात्राको सन्दर्भमा २०८० सधैं स्मरणीय रहने छ । तर दलीय प्रभावका आधारमा हाई प्रोफाइल छनोट गरी शुद्धीकरण गर्ने प्रक्रिया पनि २०८० मा नै ल्याइयो ।

यसबाहेक २०८० लाई नेपाली क्रिकेट चम्केको वर्षका रूपमा पनि चिनिन्छ । विगतका वर्षहरूझैं नेपाली क्रिकेटले सन् २०८० मा फड्को मारेको छ । यस वर्ष नेपाली पुरुष क्रिकेट टोली आइसिसी टी–२० विश्वकपमा छनोट हुन सफल भयो र घरेलु मैदानमा एसिसी प्रिमियर कपको उपाधि पनि जित्न सफल भयो । नेपाली क्रिकेट टोलीले भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशजस्ता बलिया टेस्ट राष्ट्रहरूसँग एशिया कपमा प्रदर्शन गर्ने मौका पाएको वर्ष पनि हो, यो । सोही वर्ष नेपाली पुरुष क्रिकेट टोलीले पनि जिम्बावेमा भएको आइसिसी एक दिवसीय विश्वकप छनोट प्रतियोगितामा आफूभन्दा बलियो राष्ट्रसँग खेलेको थियो । महिला क्रिकेट टोली श्रीलङ्कामा छिट्टै आयोजना हुने महिला टी–२० एशिया कपका लागि छनोट हुन सफल भएको छ ।

यो वर्ष पुरुष क्रिकेट टोली टी–२० विश्वकपमा छनोट भएको वर्षको रूपमा पनि स्मरणीय रहने छ । सन् २०८० मा अर्थपूर्ण चलचित्रले हलमा सम्मानजनक व्यापार गरेको तथ्य हामीले देखेका छौं । चलचित्र निर्माणमा सन् २०८० कथा, पटकथा र चरित्रमा आधारित चलचित्रको वकालत हुन थालेको वर्ष हो भन्न सकिन्छ ।

**केही नसोचेका घटनाक्रमहरू :**

राजनीतिमा निकै आशाजनक शुरूआतका साथ आएको २०८० निराशाजनक निष्कर्षमा पुग्यो । वैशाख उपनिर्वाचनमा पुनः सत्तामा आएका रवि लामिछाने वर्षैभर विभिन्न कारणले चर्चामा रहे । रेशम चौधरी र रिगल योगराज ढकालको आममाफीको मुद्दा वर्षैभर चर्चामा रह्यो ।

नक्कली भूटानी शरणार्थी मुद्दामा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण र टोपबहादुर रायमाझीसहित १६ जनालाई कारागार चलान गरियो । वर्षको अन्त्यसम्म केही व्यक्ति घर फर्किसकेका छन् । २०८० मा क्रिकेटर सन्दीप लामिछानेको मुद्दा र बहसले चर्चा पाएको थियो भने अर्कोतर्फ बहुचर्चित ललिता निवास जग्गा प्रकरणमा २९० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो । तर नीतिगत निर्णय प्रक्रियामा सहभागी भएका दुई पूर्वप्रधानमन्त्री माधव नेपाल र बाबूराम भट्टराईलाई संरचनागतरूपमा अलग राखेर शुद्धीकरण गरियो ।

नक्कली भूटानी शरणार्थी मुद्दामा पूर्वप्रधानमन्त्री देउवाकी पत्नी आरजु राणासहित अन्यलाई मुछिएपछि दोस्रो चरणको अनुसन्धानलाई प्रभावित पार्न संलग्न प्रहरी र न्यायाधीशको जबरजस्ती सरुवा गरिएको थियो भने बाँसवारी छाला जुत्ता कारखाना जग्गा प्रकरणमा चौधरी समूहलाई पक्राउ गरिएको थियो । केही समय चर्चामा रहे पनि पछि सबै कुरा मिल्यो । काठमाडौंका मेयर बालेन्द्र साह वर्षैभर चर्चामा रहे, आफ्नो कामको निष्ठाले गर्दा । साथै उनी विवादित पनि बने, सिंहदरबारमा आगजनी गर्ने भनाइ, पत्नी सवार गाडीको प्रहरीले चेकजाँच गरेकोमा आक्रोश व्यक्त गरेकोलगायत विषयले गर्दा । तर, बन्चरेडाँडाका बासिन्दा र उनीहरूका समस्या सम्बोधन नभएको, फोहोर व्यवस्थापनका प्रतिबद्धता धेरै हदसम्म पूरा नभएको र महानगरका बासिन्दाले फोहोर व्यवस्थापन, विकास संरचना र सुशासनको अनुभूति गर्न नसकेको अवस्था अझै विद्यमान छ ।

उता, धरानका मेयर हर्क साम्पाङ वर्षैभरि आफ्नो स्टेटस, ट्वीट र वक्तव्यका कारण चर्चामा रहे । भाद्र महीनामा धरानमा केही अधर्मी समूहले गोरुको मासु काटेर खाँदा धार्मिक युद्धको रूप लिएपछि स्थानीय प्रशासनको सतर्कताले सम्भावित घटना हुनबाट जोगिएको थियो ।

सरकारले कात्तिक महीनामा टिकटकमा प्रतिबन्ध लगाएको थियो । नेपालको सबैभन्दा ठूलो भ्रष्टाचारकाण्ड मध्ये एक, एनसेलको कर छली त्यो महीना सतहमा आयो । १४३ अर्ब रुपियाँको सम्पत्ति ६ अर्ब रुपियाँ मात्रै राखेर सेयर बचत गरेर १३७ अर्ब रुपियाँ कर छलीको मुद्दामा पूर्वप्रधानमन्त्रीको परिवारलाई पनि तानिएको थियो । चिकित्सा व्यवसायी दुर्गा प्रसाईले सामाजिक सञ्जालमा आफ्नो वर्चस्व कायम राखे; उनका भाषण, विरोध र आरोपहरू कहिलेकाहीं विश्लेषण र आम जनतालाई मनोरञ्जन दिन सफल रह्यो । यद्यपि उनले उठाएका केही मुद्दा सान्दर्भिक र न्यायोचित नै थिए । २०८० को अन्त्यमा सर्वोच्च अदालतले उनको मेडिकल कलेजलाई सञ्चालन गर्न अनुमति दियो ।

२०८० सालमा न्याय मरेपछि धेरै घटना दबाइयो । इपिएस परीक्षामा सहभागी हुन कोरिया जान माग गर्दै ललितपुर बालकुमारीमा भएको आन्दोलनका क्रममा राज्यको गोली लागेर दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको ज्यान गएको थियो । घटनामा तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला जिम्मेवार भए पनि उनलाई कारबाई गर्न माग गर्दै मन्त्रिपरिषद् हेरफेर भए पनि कारबाई भएन । यी र यस्ता धेरै वेथितिहरूको भवसागरमा देश जेलिनुपर्‍यो । धेरै आशा र आकाङ्क्षाहरू देशमा स्खलित भए ।

नेपालीहरू सधैं आशावादी र ईश्वरीय अनुकम्पामा विश्वास गर्छन् । हेरौं आउँदो २०८१ ले हाम्रो मुहारमा केही हाँसो ल्याउँछ कि ! नयाँ वर्ष २०८१ को सबै पाठकमा धेरै धेरै शुभकामना !

# काठमाडौंको प्रदूषण अझै अस्वस्थ

काठमाडौं, ३ वैशाख/रासस

काठमाडौं उपत्यको वायु अझै अस्वस्थ रहेको पाइएको छ । मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलो र वर्षा हुन नसक्दा वायुमण्डलमा धूलोको कण रहिरहेकाले वायु अस्वस्थ बनेको हो ।

एयर क्वालिटी इन्डेक्सका अनुसार सोमवार काठमाडौं उपत्यकाको वायु प्रदूषण १५२ एक्युआई मापन गरिएको छ । आज काठमाडौं विश्वको पाँचौं प्रदूषित शहरका रूपमा सूचीकृत छ ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले वायु प्रदूषण नियन्त्रणसम्बन्धी सरकारी नीति राम्रो भएपनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा काठमाडौं वायु प्रदूषणको हिसाबले प्रदूषित शहरका रूपमा अग्रस्थानमा रहेको बताएका छन् ।

"काठमाडौंमा बढेको प्रदूषणका कारण जनस्वास्थ्यमा असर गर्न सक्छ । प्रदूषणका कारण विभिन्न रोग लाग्न सक्ने भएकाले नियन्त्रणका लागि पहल गर्नुपर्छ," उनले भने, "प्रदूषण नियन्त्रणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न र प्रदूषकलाई कारबाई प्रक्रिया अगाडि बढाउन सक्नुपर्छ र स्थानीय तहलाई पनि सचेत र सबल बनाउन जरुरी छ ।"

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान तीन सयभन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि



तस्वीरः एजेन्सी

कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्–चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति छ । प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शाङ्कन गरिने उल्लेख छ ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धूवाँ, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुलो, विद्युतीय चुलो, बायोग्याँस, सुधारिएको चुलो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिनेछ र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीति छ ।

वातावरण अभियन्ता वर्षा पराजुलीले भएका नीति कार्यान्वयन प्रभावकारी नभए भावी पुस्ताले अझै प्रदूषित वातावरणमा बाँच्नुपर्ने भन्दै सतर्कता अपनाउन र नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिएकी छन् ।

संविधानले स्वचछ वातावरणमा बाँच्न पाउनु नागरिकको मौलिक हकका रूपमा व्यवस्था गरेको छ । काठमाडौं उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणास्तर खस्किने क्रम तीव्ररूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन् ।

सार्वजनिक 'इन्भाएरोमेन्ट परफर्मेन्स इन्डेक्स' २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण बढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ । वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, सैंबु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापन केन्द्र स्थापना गरेको छ । सेन्ट्रल सिस्टममा डाटा जाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सुरुङमार्गले राष्ट्रिय लक्ष्यप्राप्तिमा भूमिका खेल्नेछ -प्रधानमन्त्री

काठमाडौं, ३ वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सडक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने राष्ट्रिय लक्ष्यप्राप्तिमा सुरुङमार्ग निर्माणले ठूलो भूमिका खेल्ने बताएका छन् ।

नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाको मुख्य सुरुङ 'ब्रेक-थ्रु' भएको अवसरमा सोमवार आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले पूर्वाधारको क्षेत्रमा सुरुङमार्ग निर्माण महत्त्वपूर्ण उपलब्धि भएको बताए ।

"सडक सञ्जालको माध्यमबाट अन्तरआबद्धता विस्तार गरी आवागमनमा सहजता, यातायात लागतमा न्यूनता, भौगोलिक तथा जनसाङ्ख्यिक सन्निकटता र प्रादेशिक सन्तुलन कायम गर्नेगरी सडक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने राष्ट्रिय लक्ष्यमा यस्ता सुरुङमार्ग निर्माणले ठूलो भूमिका खेल्नेछ," प्रधानमन्त्री प्रचण्डले भने ।

सुरुङ निर्माणपश्चात् सुरुङमार्गले उपत्यकाबाट बाहिरिने सडकको अवस्था सुधार गरी यात्राको समय र यातायात सञ्चालन खर्च घटाउने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले ट्राफिक र सडक सुरक्षामा सुधार गरी सङ्घीय राजधानी काठमाडौं र देशका अन्य प्रमुख शहरबीचको सहज यातायात सञ्जालमा योगदान पुऱ्याउने बताए ।

"यस सुरुङमार्गलाई आधार मान्दै नेपाली माटो सुहाउँदो सुरुङसम्बन्धी दस्तावेज निर्माण हुनेछ," प्रधानमन्त्री प्रचण्डले भने, "यसले नेपाललाई सुरुङ युगमा पुऱ्याउन महत्त्वपूर्ण योगदान गर्नेछ।"



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सोमवार नागढुङ्गा सुरुङमार्ग छिचोल्नका लागि स्वीच अन गर्दै । प्रधानमन्त्रीले स्वीच थिचेपछि धादिङ र काठमाडौं दुवैतर्फबाट खनिएको सुरुङ एकापसमा छिचोलिएको हो । धादिङको सिस्नेखोला र काठमाडौंको चन्द्रागिरि नगरपालिका-१ मा रहेको टोटीपाखामा सुरुङ जोडिएको छ । तस्बिरः प्रदीपराज वन्त/रासस

उनले आगामी योजनामा राष्ट्रिय राजमार्गहरूमा सुरुङमार्ग, फ्लाइओभर तथा अन्डरपाससहितको आधुनिक सडक सञ्जाल विस्तार तथा निर्माण गर्ने सरकारको नीति रहने बताए । नयाँ वर्षको सुरुआतसँगै नेपालकै पहिलो सुरुङमार्गको मुख्य सुरुङको 'ब्रेक-थ्रु' गर्ने ऐतिहासिक अवसर प्राप्त भएकोप्रति खुशी व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले पृथ्वी राजमार्गअन्तर्गत नागढुङ्गा क्षेत्रमा हुने गरेको ट्राफिक जाम, उकालो सडक, सडक सुरक्षाका हिसाबले कायम रहेको जोखिम साथै वर्षायाममा हुने पहिरोको उच्च जोखिमलगायतका समस्याहरू समाधान गर्न सुरुङमार्गको कल्पना गरिएको बताए ।

# बोटसँगै मकै बिक्री भएपछि किसान उत्साहित

झापा, ३ वैशाख/रासस

जिल्लाका विभिन्न स्थानमा गाई फार्म सञ्चालक तथा सहकारीले व्यावसायिकरूपमा साइलेस (पौष्टिक तत्त्व पर्याप्त हुने घाँस)का लागि ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेका मकै बोटसँगै खरीद गरेका छन् । यसरी उत्पादित मकै बोटसँगै बिक्री भएपछि किसान उत्साहित भएका हुन् ।

अर्जुनधारा नगरपालिका-७ का सञ्जय खनाल खेतमा लगाएको मकैले बोटसँगै प्रशस्त आम्दानी दिएपछि उत्साहित भएका छन् । एक बिघा जमीनमा लगाएको मकैमा दाना लागेपछि नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी) ले साइलेस बनाउन बोटै खरीद गरेपछि उनी उत्साहित भएका हुन् ।

ग्रामीण क्षेत्रका किसान साइलेसका लागि बोटबाटै मकै बिक्री भएपछि भाँच्नु, नङ्ग्याउनु, छोडाउनु र सुकाउनुपर्ने झन्झटबाट मुक्त भएका खनालले बताए । उनले यस पाली पोलेर खान मिल्ने भएको दुधिलो मकै प्रतिकेजी रु साढे चारका दरले ११ हजार केजी खेतबाट बिक्री गरेको जानकारी दिए ।

मकै सुकाएर बेच्दा भनेजस्तो मूल्य पनि नपाउने र लागत पनि बढी लाग्ने हुँदा हरियो मकै साइलेसका लागि बोटैसँगै बिक्री गरिएको भन्दै यसबाट बढी फाइदा भएको खनालले सुनाए । उनले अर्को वर्ष मकैखेती विस्तार गर्ने तयारी गरिरहेको बताए ।



तस्वीरः रासस

एनएमसीले मेचीनगर नगरपालिका-१४ मा अर्ग्यानिक तरकारी खेतीसँगै उन्नत जातका गाईफार्मसमेत सञ्चालन गर्दै आएको छ । सहकारीले १८ लाख केजी मकैको साइलेस बनाउन धमाधम सूचीकृत भएका किसानको खेतबाटै मकै खीरद गरिरहेको नमूना एकीकृत कृषि फामका संयोजक हीरा पोखरेलले जानकारी दिए ।

उनले भने-"आफ्नै गाई फार्मका लागि १२ लाख केजी र बिक्री गर्नका लागि छ लाख केजी मकैको साइलेस बनाउने तयारी गरिरहेका छौं ।" उनले मेचीनगर, भद्रपुर नगरपालिका, झापा गाउँपालिका, अर्जुनधारा, बिर्तामोड नगरपालिका र बाह्रदशी गाउँपालिकाका किसानले उत्पादन गरेका मकै खरीद गर्ने गरिएको बताए ।

साइलेस घाँसमा पौष्टिक तत्त्व पर्याप्त हुने गरेकोले पशुको स्वास्थ्यमा पनि कुनै खराबी नहुने मेचीनगर-४ का किसान केदार न्यौपानेले बताए । साइलेस खान पायो भने गाईभैंसीले दूध पनि राम्रो दिने उनको अनुभव छ । साइलेस एकपटक बनाएर वर्षभरि पशुलाई खुवाउन मिल्ने भएकोले पनि गाई किसान यसतर्फ आकर्षित भएका हुन् ।

जिल्लामा ४४,२५० हेक्टर जमीनमा मकैको व्यावसायिक खेती हुँदै आएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

# विपद्बाट गत वर्ष ४९३ जनाको मृत्यु, पाँच अर्बको क्षति

काठमाडौं, ३ वैशाख/रासस

विसं २०८० मा विपद्जन्य घटनाबाट ४९३ जनाको मृत्यु भएको छ। विपद्जन्य घटनामा परेर ३१ जना बेपत्ता भएका छन् भने १,६१६ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव भरतमणि पाण्डेका अनुसार कुल ६,४०४ विपद्जन्य घटना भएकोमा त्यसमा परेर ८०,७१६ परिवार प्रभावित भएका थिए। विपद्जन्य घटनाका कारण कुल रु पाँच अर्ब ४२ करोड ५६ लाखको क्षति भएको छ ।

गत वर्ष पहिरो, बाढी, डुङ्गा दुर्घटना, चट्याङ, सर्पदंश, आगलागी, भारी वर्षा, गैरप्राकृतिक विपद्, हुरीबतास, भूकम्प, फ्लु, जनावर आक्रमण, हिमपहिरो, डढेलो, हिमपातलगायत घटना भएका थिए ।

गत वर्ष कात्तिकमा गएको जाजरकोट भूकम्पबाट सबैभन्दा बढी १५५ जनाको मृत्यु भएको प्राधिकरणाको तथ्याङ्कमा उल्लेख छ । त्यसपछि धेरै क्षति आगलागीका कारण भएको सहसचिव पाण्डेले बताए ।

मुलुकभर २०८० मा वैशाख १ देखि चैत ३० गतेसम्म आगलागीका ४,०६१ घटना भएका थिए । त्यसमा परेर १०६ जनाको मृत्यु भएको थियो ५०६ जना घाइते भएका थिए। कुल ५,१३० परिवार प्रभावित भएका थिए। आगलागीबाट रु दुई अर्ब ५२ करोडभन्दा बढीको क्षति भएको थियो ।

यसैगरी गत वर्ष २५० वटा चट्याङका घटना भएका थिए। त्यसमा परेर ४६ जनाको मृत्यु भएको थियो भने २२८ जना घाइते भएका थिए । जनावरको आक्रमणबाट ४५ जनाको मृत्यु तथा २७८ जना घाइते भएका सहसचिव पाण्डेले जानकारी दिए ।

गत वर्ष उच्च उचाइका कारण १५, पहिरोमा परेर ५०, बाढीबाट १८, सर्पदंशबाट २०, हिमपहिरोबाट १२ र वन डढेलोबाट ११ जनाको मृत्यु भएको थियो ।

# बोधिचित्तको रूख काटेको आरोपमा चारजना पक्राउ

काभ्रेपलाञ्चोक, ३ वैशाख/रासस

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-५ नागबेलीस्थित बहुमूल्य बोधिचित्त (बुद्धचित्त) को रूख काटेको आरोपमा प्रहरीले चारजना युवालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्थानीय प्रभात तामाङ, श्यामकृष्ण मैनाली, मानबहादुर तामाङ र दुर्गालाल तामाङ रहेको जिल्ला प्रहरी कार्यालय धुलिखेलका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिए । उक्त समूहले गत बिहीवार राति विस्फोटक पदार्थसहित नागबेलीस्थित ठाकुरानी तामाङको बगैंचामा रहेको बहुमूल्य बोधिचित्तको एउटा रूख काटेको थियो ।

फूल फुल्दै गरेको बोधिचित्तको रूख काटिएको थियो । उक्त रूखमा फल्ने बोधिचित्त दाना यस वर्ष रु तीन करोडमा बिक्री गर्न बैना गरिएको तामाङले बताए। उनका अनुसार बिहीवार राति करीब १ बजे हातहतियारसहित आएका झन्डै २० जनाको समूहले डर-त्रास देखाउँदै बोधिचित्तको रूख काटेको थियो ।

मैनाली र दुर्गालाललाई काभ्रेपलाञ्चोकको बनेपाबाट आइतवार पक्राउ गरेको हो भने प्रभातलाई शनिवार काठमाडौंको वनस्थलीबाट र मानबहादुरलाई रूख काटेकै दिन पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए । प्रभात र मानबहादुरको म्याद थप गरी अनुसन्धान थालिएको छ। अन्य दुईजनाको म्याद थप गरी थप अनुसन्धान थालिने छ ।

प्रहरीका अनुसार रूखधनी तामाङको रूख काटेपछि घरका ढोका र आँगनमा चार सकेट बम राखिएको थियो । उक्त बमलाई धुलिखेलस्थित नेपाली सेनाको कालीजङ्ग गणले निष्क्रिय पारेको थियो। घटनामा संलग्न भएका अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच पीडित ठाकुरानीले पक्राउ परेका चारसहित आठजनाविरुद्ध आइतवार जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरेकी छन्। उक्त रूखमा फलेको फल चार वर्ष अघि पनि लुटिएको थियो। रूख काट्ने समूहले नै उक्त समयमा फल लुटेको हुन सक्ने प्रहरीको अनुमान छ। बोधिचित्त मालाको तामाङ समुदाय र विशेषगरी तिब्बती तथा चिनियाँ समाजमा धार्मिक एवं सांस्कृतिक महत्त्व छ ।

# १२ वर्षीय बालकले बनाए विद्युतीय स्कूटर

तनहुँ, ३ वैशाख/रासस

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडाका १२ वर्षीय बालक निश्चल रिमालले विद्युतीय स्कूटर बनाएका छन्। स्थानीय नेपाल पुलिस स्कूलमा कक्षा ५ मा अध्ययनरत रिमालले रु ७५ हजारमा एक सातामैं विद्युतीय स्कूटर बनाएर सफल परीक्षण गरेका हुन् ।

महँगो इन्धनको विकल्पमा विद्युतीय स्कूटर बनाउने इच्छा जागेकाले सात दिनमैं सफल भएको रिमालले बताए । आफ्नो योजनामा बुबा नारायण रिमालले साथ दिएकाले सम्भव भएको उनको भनाइ छ । एकपटक पूर्णरूपमा चार्ज गर्न करीब डेढ घण्टा लाग्ने र करीब १० किलोमिटर यात्रा तय गर्न सकिने स्कूटर बनाएको निश्चलको भनाइ छ ।



तस्वीरः एजेन्सी

"विद्युतीय स्कूटर बनाउन सात दिन लाग्यो," निश्चलले भने, "मानिस आएर हौसला दिनुभएको छ । झनै आत्मबल बढेको छ, अब विद्युतीय कार बनाउने योजनामा छु," निश्चलले स्कूटरमा मोटर, चार्जर, स्कूटरको पाङ्ग्रालगायत उपकरण जडान गरेका छन्।

छोराले सानै उमेरदेखि पढाइको अलावा बिग्रिएका पङ्खा, घडी, मोबाइल मर्मत गर्दै आएको बुबा नारायणले जानकारी दिए । छोराले आवश्यक सामग्री अनलाइनमार्फत खरीद गर्न माग गरेकाले आफूले सोही अनुसार सहयोग गरेको उनको भनाइ छ। छोराले विद्युतीय कार बनाउने इच्छा व्यक्त गरेको र आफूले सकारात्मक प्रतिक्रिया दिएको उनले बताए । "छोराले अब विद्युतीय कार बनाउँछु भनेको छ," नारायणले भने, "अब कार बनाउन पनि सकेको सहयोग गर्छु ।"

नेपाल पुलिस स्कूलका प्रधानाध्यापक पुष्प रायक्षेत्रीले विद्यालयका अतिरिक्त क्रियाकलापमा विद्युतीय उपकरण बनाउन निश्चल अग्रसर रहने गरेको बताए । निश्चलको क्षमतालाई बढावा दिन विद्यालयले सृजनात्मक वातावरण तयार गर्ने गरेको प्रधानाध्यापक रायक्षेत्रीको भनाइ छ ।

(बाँकी पाँचौं पातामा)



**मर्स्याङ्दीको जलाशय र मोटरबोटः** तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित मर्स्याङ्दी जलविद्युत् आयोजनाको जलाशय र नजीकै किनारामा रहेको पृथ्वी राजमार्ग। मर्स्याङ्दी जलविद्युत् आयोजनाको जलाशयमा आइतवारदेखि मोटरबोट सञ्चालनमा आएको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# गर्मी छल्न कुपिन्डे ताल पुग्छन् आन्तरिक पर्यटक

नारायणी रजौरे
दाङ, ३ वैशाख/रासस

सल्यान जिल्लाको बनगाँड कुपिन्डे नगरपालिका–८ मा अवस्थित कुपिन्डे तालमा गर्मी छल्न जाने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै छ। यस याममा



गर्मी छल्न तथा मनमोहक सो तालको अवलोकन गर्न दाङ, सल्यानका पर्यटक बढ्न थालेका हुन् ।

स्थानीयका अनुसार अहिले दैनिक सयौंको सङ्ख्यामा यहाँ पर्यटक पुग्ने गरेका छन् । पछिल्लो समय सामाजिक सञ्जाल तथा अन्य विभिन्न सञ्चारका माध्यमबाट यस तालको प्रचार पनि भइरहेकोले यसको अवलोकन गर्नुको साथै डुङ्गा सयरका लागि आन्तरिक पर्यटक जाने गरेका स्थानीयले जानकारी दिएका छन् ।

चारैतिर वनजङ्गल र ती जङ्गलको बीचमा अवस्थित छ, कुपिन्डे ताल । हरियो जङ्गल र सलक्क मिलेका डाँडाबीच रहेको यो तालको मनमोहक दृश्यले सबैलाई लोभ्याउने गरेको छ । हुनत अरू याममा पनि पर्यटक त्यहाँ पुग्ने गरेका छन् । यतिखेर झन् गर्मी शुरू भएकोले शीतलताको अनुभूति लिन र तालको अवलोकन गर्न पर्यटकहरू त्यहाँ जाने गरेका छन् ।

त्यहाँ पुगेपछि तालको कञ्चन पानीले पर्यटकलाई लोभ्याउने गर्दछ । साथै पर्यटकहरू डुङ्गामा सयर गर्ने, तस्बिर खिच्ने र तालको अवलोकन गरी रमाउने गर्दछन् । पर्यटकीय तथा धार्मिक, सांस्कृतिक महत्त्वको स्थलका रूपमा समेत चिनिने कुपिन्डे ताल अवलोकनका लागि तुलसीपुर उपमहानगरपालिका –६ बाट यहाँ पुगेका २३ वर्षीय नवीन अधिकारी तालको अवलोकनबाट आनन्दको अनुभूति गरेको बताउँछन् ।

उनले भने–“यति राम्रो प्रकृतिको मनोरम दृश्य देख्न पाउँदा नलोभिने कोही हुँदैन । हामी पनि समयसमयमा यहाँ परिवारकै साथमा आउने गर्दछौँ । यस काललाई सबै मिलेर संरक्षण गरी अझ राम्रो बनाउनुपर्छ, यसबाट थप पर्यटक आकर्षित हुनेछन् ।”

अधिकारीले चार घण्टा समय ताल क्षेत्रमा बिताएको बताए । तालको सुन्दरताबाट लोभिएको उनले सुनाए । प्राकृतिकरूपमा मनोरम काललाई स्वदेश तथा विदेशमा चिनाउन प्रचारप्रसार गर्नुपर्ने तुलसीपुर उपमहानगरपालिका–६ का ४७ वर्षीय राधा रजौरे बताउँछन्। उनले यस दहको संरक्षण र पर्यटकीय संरचनाको निर्माण गर्न सके विदेशी पर्यटक पनि आकर्षित हुने धारणा राखे।

उनले भने–“यसलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सके सल्यानको मात्र नभई छिमेकी जिल्लाको मुहार पनि फेरिन सक्छ । मनमोहक दह र यस वरपरको प्राकृतिक सौन्दर्यले सबैलाई आकर्षित गर्न सक्दछ ।”

सल्यान जिल्लाका विभिन्न धार्मिक मठ मन्दिरमा दर्शन तथा पूजाअराधना गर्न गएका भक्तजन कुपिन्डे दह र यहाँको बराह मन्दिरसम्म पुग्ने गरेका छन् । त्यसैले यस काललाई धार्मिक तथा पर्यटकीय पर्यटनसँग जोड्न सकिने यहाँ आउने पर्यटकको भनाइ छ ।

बाँकेको कोहलपुरबाट सो दह घुम्न साथीहरूसँग पुगेका ४८ वर्षीय भीमप्रसाद रेग्मी तालमा रमाइरहेका थिए। उनी तालमा डुङ्गा चढेर जलविहार गर्ने र तस्बिर लिने काममा व्यस्त थिए। ताल घुम्न पुगेकी तुलसीपुर उपमहानगरपालिका–५ की ४८ वर्षीया राधा योगीले तालको संरक्षण तथा विकासका लागि ध्यान दिन स्थानीय सरकार र कर्णाली प्रदेश सरकारलाई आग्रह गरिन्। उनी भन्छिन्–“ताल हाम्रो अद्वितीय सम्पत्ति हो, यसको संरक्षण र संवर्द्धनका लागि सरकारको ध्यान पुग्नु जरूरी छ।”

तालसम्म पुग्ने मोटरबाटो कच्ची रहेकोले त्यस बाटोलाई कालोपत्र गर्न र ताल वरपर होटल तथा चमेना गृह सञ्चालन गर्न सके ताल घुम्न जाने पर्यटकलाई सुविधा पुग्ने उनी बताउँछिन्।

कुपिन्डे ताल संरक्षण समितिका अध्यक्ष चेतबहादुर कुँवरले विसं २०६७ मा मात्रै यो तालको चर्चा शुरू भएको बताए । उनका अनुसार यस तालको आफ्नै विशेषता छ। वरिपरि घना जङ्गल भए पनि यसमा एउटा पनि पात खसेको भेटिँदैन। पात खस्नासाथ आफैं किनारमा पुग्छन् या यहाँका चराले छेउसम्म धकेल्दै लैजाने गरेको पनि देखिन्छ । यो ताल चखेवा, पानी हाँस र स्थानीय जातका माछाको वासस्थान पनि हो ।

कुपिन्डे तालको गहिराइ ६९ मिटर, लम्बाइ १२०० मिटर र चौडाइ सरदर ३५० मिटर छ । तालको क्षेत्रफल भने यकीन छैन । तालमा पानी कहाँबाट आउँछ र कहाँबाट बाहिरिनछ भन्ने स्पष्ट देखिँदैन । स्थलगतरूपमा यसको मुहान देखिँदैन र निकास पनि भेटिँदैन ।

देखिनेगरी तालको निकास नभए पनि पश्चिमतर्फको भागबाट जङ्गलको भित्रभित्रै पानी रसाएर जाने गरेको हुन सक्ने अनुमान छ । बनगाँड कुपिन्डे नगरपालिकाका नगरप्रमुख कर्णबहादुर बुढाथोकीले तालको विकासका लागि लागिपरेको बताए। उनले ताल जङ्गलबीच रहेको, यहाँ जलचर जीवजन्तुसमेत रहेका तथा जमीन वनको भागमा पर्ने भएकोले वातारणीय प्रतिवेदन तयार गरेर तालको संरक्षण तथा विकासको योजना बनाइने बताए ।

प्रतिवेदन स्वीकृत भएर आएपछि गुरुयोजना तयार गरी भौतिक पूर्वाधार निर्माणका काम थालिने जानकारी पनि उनले दिए । साथै यस वर्ष बाटो मरम्मतका लागि नगरपालिकाबाट बजेट विनियोजन गरिएको र आगामी दिनमा आधारभूत विकासका लागि बजेट विनियोजन गरिने उनको भनाइ थियो।

# तोलामा रु सात सयले बढ्यो सुनको मूल्य

काठमाडौं, ३ वैशाख/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य आज प्रतितोला रु सात सयले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतवारको तुलनामा आज छापावाला सुन प्रतितोला रु सात सयले वृद्धि भई रु एक लाख ३७ हजार पाँच सय निर्धारण भएको छ । शुक्रवारको तुलनामा आइतवार रु दुई हजार दुई सयले ओरालो लागेको छापवाला सुन आज भने पुनः उकालो लागेको हो ।

यस्तै, तेजाबी सुन आज प्रतितोला रु एक लाख ३६ हजार ८५० निर्धारण भएको छ। त्यस्तै, चाँदीको मूल्य प्रतितोला रु १५ ले वृद्धि भएको छ। आइतवार प्रतितोला रु एक हजार सात सय कारोबार भएको चाँदीको मूल्य आज रु एक हजार सात सय १५ निर्धारण भएको छ ।




**पुनहिलमा सूर्योदय अवलोकन गर्दै पर्यटक**: म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ पुनहिलमा सोमवार बिहान सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खला अवलोकन गर्दै पर्यटकहरू । समुद्री सतहभन्दा ३,२१० मिटर उचाइमा रहेको पुनहिल सूर्योदय, गुराँसको जङ्गल र हिमशृङ्खलाको अवलोकनका लागि उत्कृष्ट गन्तव्य बनेको छ । तस्बिरः सन्तोष गौतम/रासस

## फरक समाचार

# खुट्टामा देखिने युरिक एसिडको लक्षण

शरीरमा उत्पादन हुने युरिक एसिड एउटा रसायन हो जुन प्युरिन नामक पदार्थ विच्छेदनबाट बन्छ। यो स्वास्थ्यका लागि आवश्यक हुनुका साथै हानिकारक



पनि हुन्छ । यो कुरा तपाईंको शरीरमा कति छ भन्ने कुरामा भर पर्छ। यस्तो अवस्थामा युरिक एसिडको मात्रा बढी भएमा मिर्गौलामा पत्थरी हुने र मिर्गौलासम्बन्धी दीर्घरोगको जोखिम बढ्छ। केही अध्ययनमा यो उच्च रक्तचाप, हृदयघात, कार्डियोभास्कुलर, मेटाबोलिज्म सिन्ड्रोमसँग सम्बन्धित छ । यी केही कारक हुन् जसले व्यक्तिको मधुमेह र स्ट्रोकको सम्भावना बढाउँछ, जुन जीवनलाई खतरामा पार्ने चिकित्सा अवस्था हो। यस्तो जोखिमबाट बच्न, उच्च युरिक एसिडको प्रारम्भिक लक्षणहरू बुझ्नुपर्छ।

**युरिक एसिडको स्तर कस्तो हुनुपर्छ**: आर्थराइटिस फाउन्डेशन अनुसार युरिक एसिड सामान्यतया उच्च मानिन्छ जब यसको मात्रा पुरुषमा सात मिलिग्राम प्रतिडेसिलिटर (मिलिग्राम/डिएल) भन्दा बढी हुन्छ र महिलाहरूमा छ मिलिग्राम/डिएलभन्दा बढी हुन्छ ।

**खुट्टामा देखिने लक्षणहरू**: खुट्टाको बुढीऔंलामा चसचस बिझाउने, औंलामा सुन्निने, घुँडादेखि कुर्कुच्चासम्म दुख्ने, पाइतालामा बिहानीपख दुखाइ हुने, घुँडा दुख्ने आदि लक्षणहरू हुन् ।

**लक्षणमा ध्यान दिनुहोस्**: शरीरमा युरिक एसिडको मात्रा बढेमा जोर्नी दुख्ने, कडा हुने, वरपरको छाला रातो हुने, पिसाबमा रगत आउने, बारम्बार पिसाब लाग्ने, ढाडको तल्लो भागमा पीडा हुने जुन यौनाङ्ग क्षेत्रसम्म पुग्छ, थकान महसूस हुन्छ ।

**शरीरमा युरिक एसिड बढ्नुका कारण**: मायो क्लिनिक अनुसार, युरिक एसिड शरीरमा अत्यधिक उत्पादन भएपछि जब मिर्गौलाले बाहिर निकाल्दैन त्यति बेला शरीरमा यसको स्तर उच्च हुन्छ। जसले धेरै मात्रामा रक्सी पिउँछ अथवा ड्युरेटिक्स सेवन गर्छ। बढी सोडा र फ्रुक्टोज भएको खाद्यान्न सेवन गर्छ, उच्च रक्तचाप, रोग प्रतिरोधी क्षमता घटाउने औषधि, मिर्गौलाको समस्या, ल्युकेमिया, मेटाबोलिक सिन्ड्रोम, मोटोपन, प्युरिनयुक्त खानेकुराको सेवन आदि पर्दछन् ।

# अन्नमा घुन लाग्नबाट बचाउने उपाय

खानेकुरालाई भान्सा कोठामा राख्छौं भने त्यसमा सङ्क्रमण हुनु सामान्य कुरा हो । भान्सामा राखिएका सिङ्गो अन्नमा घुन अथवा कीरा लागेको छ भने त्यसलाई हटाउने घरेलु उपायहरू छन् ।



सामान्यतया, जब कुनै खानेकुरामा कीरा लाग्छ भने हामीले फ्याँक्छौं । कतिपयले दाललाई घाममा सुकाएर कीरा भगाउँछन् तर पनि सबै कीरा बाहिर निस्कन सक्दैनन्। यस्तो अवस्थामा आज हामी तपाईलाई केही यस्ता घरेलु उपाय बताउदैछौं जसले कुनै पनि सिङ्गो अन्नमा लागेको घुन वा कीरा भगाउन सक्छ।

**नीमको प्रयोग**: कुनै पनि अन्न र दाल भण्डारण गर्दा कन्टेनरलाई राम्ररी पुछ्नुहोस् । जब कन्टेनरमा ओसिलो (नमी) हुँदैन त्यसमा राखिएको अन्नमा कुनै पनि प्रकारको कीरा प्रवेश गर्ने सम्भावना धेरै कम हुन्छ। नीममा एन्टी–फङ्गल र एन्टी–ब्याक्टेरियल गुण हुन्छ जसले घुन र अन्य कीरालाई विकसित हुन दिंदैन। यस्तो अवस्थामा कुनै पनि दाल वा अन्न भण्डारण गर्दा त्यसमा केही हरियो नीमको पात पनि मिसाउनुपर्छ ।

**ल्वाङ**: अहिलेसम्म हामीले ल्वाङ्गलाई गर्म मसालाको रूपमा मात्र प्रयोग गरेका थियौं। तर ल्वाङले कीरा पनि भगाउन सक्छ। ल्वाङमा एन्टी फङ्गल र एन्टी ब्याक्टेरियल गुण पनि हुन्छ। दाल वा अन्नमा केही ल्वाङ राख्दा कीरा र घुन टाढा हुन्छ ।

**ढिक्के नुनको टुक्रा**: सुन्दा अलि अनौठो लाग्न सक्छ तर कीराहरूलाई भगाउने यो एकदमै राम्रो विकल्प हो। यसका लागि सुती कपडामा ढिक्के नुनको टुक्रा बाँधेर गहुँमा हाल्नुहोस्, यसले गहुँमा घुन र कीरा लाग्न दिंदैन।

**रातो खुर्सानीको प्रयोग**: प्रायः पीठोमा कीरा लाग्ने गर्छ। यसबाट बच्ने उत्तम उपाय भनेको पीठोमा सिङ्गो रातो खुर्सानी राख्दा कीरा लाग्न सक्दैन।

**तेजपत्ता**: यो एक प्रकारको गर्म मसला हो तर यसको गन्ध घुनलाई मन पर्दैन। चार–पाँचवटा तेजपत्ता दाल र अन्नमा राख्दा घुन र कीरा भाग्छ।

**अन्य टिप्स**: दाल र अन्नलाई हावाबन्द कन्टेनरमा भण्डार गर्नुपर्छ। भण्डारण गर्नु अघि राम्ररी धोएर सुकाउनुपर्छ। दाल र अन्नको नियमित जाँच गरिरहनुपर्छ। घुन देखिएमा तुरुन्तै हटाउनुपर्छ। दाल र अन्नलाई सुक्खा र चीसो ठाउँमा भण्डार गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पेरिस ओलम्पिकको उद्घाटन समारोह सर्न सक्छ -म्याक्रों

पेरिस, ३ वैशाख/एएफपी/रासस

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले सुरक्षा खतराको अवस्थामा पेरिस ओलम्पिकको उद्घाटन समारोह सिन नदीबाट राष्ट्रिय रङ्गशालामा सार्न सकिने सोमवार बताएका छन् ।


तस्वीरः एजेन्सी

बिएफएमटिभी र आरएमसीसँगको अन्तर्वार्तामा उनले टोलीहरूलाई सिन नदीमा नौकाविहार गराउनुको सट्टा उद्घाटन समारोहलाई एफिल टावरबाट नदी पारि 'ट्रोकाडेरो' भवनसम्म सीमित गर्न सकिने र स्टेड डि फ्रान्समा पनि स्थानान्तरण गर्न सकिने बताए ।

मुख्य रङ्गशालामा खेलहरू उद्घाटन गर्ने परम्परा तोड्दै पेरिसका आयोजकहरूले ओलम्पिक इतिहासमा अभूतपूर्व समारोहको आयोजना बनाएका छन् । यद्यपि युक्रेन र गाजामा युद्ध शुरू भएपछि आयोजकहरूले जुलाई २६ मा हुने उद्घाटन समारोहलाई लक्षित गरी कुनै भिन्नै स्थानमा सार्न सकिने भन्ने कुरालाई अहिलेसम्म अस्वीकार गरेका छन् ।

"यो उद्घाटन समारोह विश्वमा सबैभन्दा पहिलो हो, हामी यो गर्न सक्छौं र गर्न गइरहेका छौं"–राष्ट्रपति म्याक्रोंले भने–"तर प्लान बी र प्लान सी छ, जसमा समारोहलाई पेरिसको उत्तरमा स्टेड डि फ्रान्समा सार्ने सम्भावना छ, हामी वास्तविक समयमा यसको विश्लेषण गर्नेछौं ।"

उनले खेलका क्रममा ओलम्पिक–युद्धविरामका लागि 'हरसम्भव प्रयास' गर्ने बताए । युद्धविराम, ओलम्पिकको समयमा शान्ति कायम गर्ने ऐतिहासिक परम्परा हो । "हामी ओलम्पिक युद्धविरामको दिशामा काम गर्न चाहन्छौं र यो मेरालागि हाम्रा साझेदारहरूसँग संलग्न हुने अवसर भएको मलाई लागेको छ ।" रासस

# इरानी आक्रमणपछि गाजामाथि दबाब बनाउने इजरायलको सङ्कल्प

प्यालेस्टिनी अधीनस्थ क्षेत्र, ३ वैशाख/एएफपी

इजरायलले रातभर गाजामा दर्जनौं हवाई आक्रमण गरेको हमासले सोमवार बताएको छ । इजरायली सेनाले भने इरानको अभूतपूर्व आक्रमणपछि पनि युद्धबाट विचलित नहुने बताएको छ । यसबाट यस क्षेत्रमा द्वन्द्वको आशङ्का बढेको छ ।

इरानले शनिवार राति इजरायलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल आक्रमण गरेपछि विश्व शक्तिहरूले संयमता अपनाउन आग्रह गरेका छन् । यद्यपि इजरायली सेनाले इरानका अधिकांश आक्रमण विफल पारेको बताएको छ ।

यसै महीनाको प्रारम्भमा दमास्कसमा एउटा घातक आक्रमणको प्रतिशोधमा तेहरानले इजरायलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमण सम्पूर्ण क्षेत्रमा महीनौंसम्म भएको हिंसापछि भएको हो । उक्त हिंसामा इरानी 'प्रोक्सी' सहभागी थिए । इजरायलले युद्धग्रस्त गाजा क्षेत्रमा प्यालेस्टिनीहरूको समर्थनमा इरानले काम गरेको बताएको छ ।

इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हगारीले आइतवार राति भने–"इरानको आक्रमणमा पनि हामीले गाजामा आफ्ना बन्धकहरूलाई इरानको प्रोक्सी हमासबाट छुटाउन हाम्रो महत्त्वपूर्ण मिसनलाई एक पल पनि छाडेका छैनौं ।"

मध्यस्थकर्ताहरूले अक्टोबर ७ मा हमासको आक्रमणबाट शुरू भएको युद्ध रोक्न एउटा सम्झौतामा ध्यान दिएका बेला सुदूर दक्षिणी शहर रफाहमा सेना पठाउने इजरायली योजनामाथि आशङ्का बढेको बताएका छन् । रफाहमा गाजाका २४ लाख मानिसमध्ये अधिकांशले शरण लिएका छन् ।

"हमासले अझै पनि गाजामा हाम्रा बन्धकलाई राखेको छ"–हगारीले करीब १३० बन्धकबारे भने । बन्धक बनाइएकामध्ये ३४ जनाको मृत्यु भएको अनुमान गरिएको छ । हमासको आक्रमणपछि उनीहरूले ती बन्धकलाई आफ्नो कब्जामा लिएको इजरायलले बताएको छ ।

सैन्य प्रवक्ता हगारीले एउटा ब्रिफिङमा भने–"रफाहमा हाम्रा बन्धक छन् र उनीहरूलाई घर फर्काउन हरसम्भव प्रयास गर्नेछौं ।" यस क्षेत्रबाट अधिकांश स्थल सैनिकलाई फिर्ता बोलाएको करीब एक सातापछि सेनाले भनेको छ–"गाजा मोर्चामा परिचालन गतिविधिहरूका लागि करीब दुईवटा रिजर्भ ब्रिगेड बोलाइँदै छ ।"

हमास सरकारको मिडिया कार्यालयले इजरायली विमानहरूले मध्य गाजामा रातभरमा 'दर्जनौं' आक्रमण गरेको बताएको छ । घेरिएको क्षेत्रको दक्षिणदेखि गाजा क्षेत्रसम्म तटीय सडकमा इजराइली चेकप्वाइन्ट पुनः खोलिएको हल्लाले आइतवार हजारौं प्यालेस्टिनीलाई उत्तरतिर जान प्रेरित गऱ्यो । यद्यपि इजरायलले चेकप्वाइन्ट खुला भएको भन्ने हल्लालाई अस्वीकार गरेको छ ।

इरानी आक्रमणपछि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आइतवार आपत्कालीन बैठक बसेको छ । बैठकमा इजरायलले तेहरानविरुद्ध नयाँ प्रतिबन्ध लगाउनका लागि दबाब दिएको छ । महासचिव एन्टोनियो गुटेर्रेसले मध्यपूर्व क्षेत्र 'युद्ध'को सँघारमा रहेको चेतावनी दिएका छन् । रासस

# मौसमसम्बन्धी दुर्घटनामा १२ जनाको मृत्यु

दोहा, ३ वैशाख/सिन्हवा

ओमानका केही प्रान्तमा मौसमसम्बन्धी दुर्घटनामा कम्तीमा १२ जनाको मृत्यु भएको ओमानको समाचार एजेन्सीले आइतवार जानकारी दिएको छ ।

ओमानको आपत्कालीन व्यवस्थापनका लागि राष्ट्रिय समितिको खोजी र उद्धार क्षेत्रलाई उद्धृत गर्दै गाडीलाई तीव्र वेगको पानीले बगाएपछि गाडीमा सवार उनीहरूको मृत्यु भएको जनाएको छ ।

मृतकमध्ये दुईजना वयस्क, नौजना विद्यार्थी र एकजना विदेशी नागरिक रहेको रिपोर्टमा जनाइएको छ । उत्तरी ए'शार्कियाह प्रान्तमा बेपत्ता नागरिकको खोजी तथा उद्धार प्रयास जारी रहेको बताइएको छ । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


सोमवार वीरगंजको घडीअर्वा पोखरीमा उदाउँदो सूर्यलाई अर्घ्य दिएर चैती छठ समापन गर्दै भक्तजनहरू । तस्वीरः नितेश कर्ण

# वैशाख ६ र ७ मा बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

काठमाडौं, ३ वैशाख/रासस

सरकारले यही वैशाख ६ र ७ गते बालबालिकालाई 'राष्ट्रिय भिटामिन ए' कार्यक्रम सञ्चालन गर्दैछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको पोषण शाखा प्रमुख लीलाविक्रम थापाले राष्ट्रिय भिटामिन 'ए'को सबै तयारी पूरा भएको जानकारी दिए । उनका अनुसार भिटामिन 'ए' क्याप्सुल छ महीनादेखि ५९ महीनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइनेछ ।

उनले भिटामिन 'ए' करीब ३२ लाख बालबालिका र जुकाको औषधि करीब २९ लाख बालबालिकालाई खुवाइने बताए । सरकारले बालबालिकामा हुन सक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो ।

उनले राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने बताए ।

पोषण शाखा प्रमुख थापाले राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमसँगै सोही दिन खोप लगाउन छुटेका बालबालिकालाई खोप पनि लगाइने बताए । "भिटामिन 'ए' र जुकाको औषधि खुवाउन आएका अभिभावकलाई तपाईंको बच्चाले कुनै खोप लगाउन छुटेको छ कि छैन भनेर महिला स्वयंसेविकाले सोध्ने गर्छन्," उनले भने, "यदि खोप लगाउन छुटेको हो भने नजीकैको स्वास्थ्य संस्थामा गई खोप लगाउन महिला स्वयंसेविकाले अनुरोध गर्छन् ।" सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निश्शुल्क खुवाउने गरेको छ ।

## पेट्रोलियम पदार्थमा मूल्यवृद्धि

काठमाडौं, ३ वैशाख/रासस

पेट्रोल, डिजेल र मटीतेलमा प्रतिलिटर तीन रुपैयाँले मूल्यवृद्धि भएको छ । मङ्गलवार बिहानदेखि कायम हुने गरी पेट्रोलियम पदार्थ र डिजेलको मूल्यमा वृद्धि भएको हो । नेपाल आयल निगम लिमिटेडले सोमवार जारी गरेको प्रेस विज्ञप्ति अनुसार इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरीद मूल्य अनुसार पेट्रोलियम पदार्थमा प्रतिलिटर दुई रुपैयाँ ९६ पैसा र डिजेलमा प्रतिलिटर तीन रुपैयाँ ४६ पैसा मूल्य बढेको हो ।

नयाँ खुद्रा मूल्य अनुसार पेट्रोल प्रतिलिटर रु १७८, डिजेल र मटीतेल प्रतिलिटर रु १६१ पुगेको छ । पहिलो वर्ग अन्तर्गतको चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगंज, धनगढी र वीरगंजका लागि पेट्रोलको मूल्य १७५ रुपैयाँ ५० पैसा तोकिएको छ । यस्तै, दोस्रो वर्ग अन्तर्गतको सुर्खेत र दाङका लागि रु १७७ रहेको छ भने तेस्रो वर्ग अन्तर्गतको काठमाडौं, पोखरा र दिपायलका लागि पेट्रोलको मूल्य रु १८१ कायम गरिएको छ ।

# प्रसौनीमा १७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३ वैशाख/

प्रसौनी गाउँपालिका–१ प्रसौनी स्वास्थ्य चौकीमा सोमवार आयोजित रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले वडा कार्यालयद्वारा आयोजित रक्तदान कार्यक्रममा उपेन्द्र मुखिया, सुमन पासवान, विकाश कुशवाहा, सुरज सर्राफ, विकाश रामलगायतले रक्तदान गरेको बताए ।

# नेप्से परिसूचकमा १६ दशमलव ८२ अङ्कको गिरावट

काठमाडौं, ३ चैत/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । सोमवार नेप्से परिसूचक १६ दशमलव ८२ अङ्कले घटेर दुई हजार छ दशमलव ५२ को बिन्दुमा कायम भएको हो ।

आज ३१४ कम्पनीका ७२ लाख २३ हजार ७७३ कित्ता शेयर ५० हजार ५२४ पटक खरीद–बिक्री हुँदा रु दुई अर्ब ७९ करोड ७५ लाख ७७ हजार ४३२ बराबरको कारोबार भएको छ ।

सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ६४, उत्पादन तथा प्रशोधन एक दशमलव ५९ र होटल तथा पर्यटन समूह एक दशमलव १५ प्रतिशतले घटेका छन् ।

माछापुच्छ्रे डिभेन्चर २०८७ को शेयर मूल्य सात दशमलव ०९ र मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०५ प्रतिशतले बढेका छन् । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै ङादी ग्रुप पावर कम्पनी लिमिटेडको रु १७ करोड ७३ लाख ६८ हजार २९५ बराबरको पाँच लाख २७ हजार ९२६ कित्ता शेयर किनबेच भएका छन् ।

### १२ वर्षीय ...

"पाँच कक्षा पढ्ने १२ वर्षीय बालकले बनाएको विद्युतीय स्कूटर देखेपछि हामी पनि छक्क परेका छौं," प्रधानाध्यापक रायक्षेत्रीले भने, "उसको क्षमतालाई अझै कसरी प्रस्फुटन गर्न सकिन्छ भन्नेमा हामी अग्रसर रहनेछौं ।"

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | प्रगति |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | कडाश्रम | मीन | सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



**नारच्याङ झरनाः** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङ गाउँस्थित मनमोहक नारच्याङ झरना । कुमारी झरनाको नामले समेत चिनिने यो झरना मुस्ताङ जाने र फर्किने पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । तस्बिरः ध्रुवसागर शर्मा/रासस

# वडा कार्यालय भवनको उद्घाटन

प्रस, वीरगंज, ३ वैशाख/

वीरगंज महानगर-२१ परवानीपुर वडा कार्यालय भवनको उद्घाटन भएको छ। सांसद प्रदीप यादवले सोमवार भवनको उद्घाटन गरेका हुन् । उनले वडा कार्यालयले आफ्नै नयाँ भवन बनाएपछि सेवाग्राहीहरूलाई सुविधा हुने बताए ।

पुरानो जीर्ण भवनबाट सेवाप्रवाहमा समस्या भइरहेको अवस्थामा अहिले नयाँ भवन निर्माण गरेर वडा कार्यालयले गतिलो काम गरेको सांसद यादवले बताए ।


तस्वीर: प्रतीक

वडाध्यक्ष राधाकृष्ण साह रौनियारले जीर्ण वडा कार्यालयको नयाँ भवन निर्माणमा एक करोड सात लाख रुपैयाँ खर्च भएको बताए । कार्यक्रममा एमाले महानगर अध्यक्ष राजेन्द्र यादव, जालन्धरराज कुर्मी, किशोरी ठाकुर, दिलीप उपाध्याय लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# रामनवमीको दिन गहवामाई मन्दिरमा महाआरती

प्रस, वीरगंज, ३ वैशाख/

गहवामाई रथयात्रा पूजा समितिले सोमवार पत्रकार सम्मेलन गरी चैते रामनवमीको दिन गहवामाई मन्दिरमा महाआरती, प्रसाद वितरण हुने बताएको छ ।

गहवामाई रथपूजा समितिका अध्यक्ष श्याम पोखरेलले मङ्गलवार वैशाख ४ गते मोटरसाइकल ऱ्याली र ५ गते रामनवमीको दिन महाआरती आयोजना हुने जानकारी गराए । उनले महाआरतीमा सहभागी भएर प्रसाद ग्रहण गर्न वीरगंज महानगरवासीलाई आग्रह गरे । पत्रकार सम्मेलनमा समितिका उपाध्यक्ष देवानन्द कलवार, महासचिव लक्ष्मीनारायण (पप्पु) गुप्ता, कोषाध्यक्ष रवि अग्रवाल, पुरुषोत्तम दुबेलगायतको सहभागिता थियो ।


तस्वीर: प्रतीक

## भन्सार छलीको सामान बरामद

सुग्रीव साह, भिस्वा, ३ वैशाख/

इलाका प्रहरी कार्यालय, पोखरियाले भिस्वा बजारमा एकजना व्यापारीको गोदाममा छापा मारी भन्सार छलीको सामान बरामद गरेको छ ।

भारतको सिकटाबाट भन्सार छली भित्रिएका सामानहरू भिस्वा बजारको एउटा गोदाममा राखिएको सूचनाको आधारमा इप्रका, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसी नेतृत्वको टोलीले सोमवार छापा मारी सामान बरामद गरेको हो । गोदाममा चामल, चिनी, पीठो, बिस्कुट, खानेतेल भण्डारण गरिएको र त्यसको बिलबीजक नभएको पाएपछि प्रहरीले सामान नियन्त्रणमा लिएको हो ।

उक्त सामान स्थानीय रञ्जीत कानू (मोटु)को भएको बताइएको छ ।

# रामनवमी महोत्सव आयोजना गर्ने निर्णय

प्रस, वीरगंज, ३ वैशाख/

वीरगंज महानगरपालिका-१० घडीअर्वास्थित श्रीरामजानकी मन्दिरमा वैशाख ५ गते रामनवमी महोत्सव आयोजना गर्ने निर्णय भएको छ । श्रीरामजानकी मन्दिर समितिको बैठकले बुधवार रामनवमी एवं शोभायात्रा निकाल्ने निर्णय गरेको हो ।

बुधवार बिहान ७ बजे श्रीरामजानकी मन्दिर परिसरबाट झाँकीसहित शोभा यात्रा निकालेर नगरपरिक्रमा गर्ने, बिहान ११ बजेदेखि मन्दिर परिसरमा भजनकीर्तन गरिने, १२ बजेदेखि श्रीराम उत्सवको प्रसाद वितरण गरिने निर्णय भएको छ।

यस्तै, दिउँसो ४ बजेदेखि मन्दिर परिसरमा रामायण झाँकी, साँझ ६:३० बजे दीप प्रज्वलन तथा महाआरती र राति ७ बजेदेखि प्रसाद वितरण गर्ने सहआयोजक घडीअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोष साह कानूले जानकारी दिए ।

बैठकमा परशुराम साह कानू, दिलीप साह कानू, शम्भु साह, प्रभाकर गुप्ता, राकेश साह, ओम प्रकाश, क्रान्ति साह, अर्जुन साहलगायतको सहभागिता थियो ।

# फरार प्रतिवादीलाई प्रहरीद्वारो पक्राउ

प्रस, रौतहट, ३ वैशाख/

देवाहीगोनाही नगरपालिका वडा नं १ करुनिया टोल बस्ने ५२ वर्षीय शेख नुरुल्लाहलाई भारतको सिमानानजीक पर्ने राजदेवी नगरपालिका वडा नं ८ बेलबिछुवा चोकमा शङ्कास्पदरूपमा हिंड्डुल गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरी अनुसन्धान प्रारम्भ गरेको छ ।

जेठ ११ गते राति ००:३० बजे देवाहीगोनाही नगरपालिका वडा नं १ करुनियास्थित सडकमा बस्ने ७८ वर्षीय शेख तैयबलाई शेख सेराजसमेतले गोली हानी कर्तव्य गरी मारेको कर्तव्य ज्यान मुद्दामा पुस १६ गते रौतहट जिल्ला अदालत गौरबाट वारेन्टसहितको पक्राउ पुर्जी जारी भएको थियो । सो घटनामा संलग्न भई घटना वारदातपश्चात् फरार रहेका प्रतिवादीहरू नेपाल-भारतको सीमावर्ती ग्रामीण इलाकामा लुकीछिपी बसेको भन्ने विशेष सूचना प्राप्त भएपछि निजहरूलाई खोजतलाश गरी पक्राउ गर्न प्रहरी टोली परिचालन गरिएको थियो ।

उक्त टोलीले खोजतलाश गर्ने क्रममा शेख नुरुल्लाहलाई वैशाख २ गते बिहान करीब २:०० बजे फेला पारिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

रौतहट जिल्ला अदालतबाट जारी पक्राउ पुर्जी दिई न्यायिक हिरासतमा पठाइएको जिप्रकाका सूचना अधिकारी एलिजा गिरीले बताइन् ।

## सबरेमिटबारे ...

सबरेमिट कार्यालयको साँचो हराएको र सोको ताला काट्नुपर्ने भनेर बताएका थिए । उनले दुईजना मिस्त्री लगेर ताला काटेका थिए ।

कार्यालयमा रहेको नगद दुई लाख २२ हजार चोरी भएको रेमिट सञ्चालक सत्येन्द्रकुमार गुप्ताले बताए । उनले कर्मचारी श्वेताका पति लागूऔषध प्रयोगकर्ता भएको र निजले पत्नीलाई कार्यालयमा पुऱ्याउने, ल्याउने गर्दा आसपासका मानिसले चिनेकै कारण उनलाई ताला काट्न दिएको बताए ।

घटनाबारे वडा प्रहरी कार्यालय श्रीपुरमा लिखित उजूरी गरेको गुप्ताले बताएका छन् । विनोदले भने आफू भारत गइरहेको पत्नीलाई भनेका र त्यसपछि सम्पर्कविहीन भएका विनोदलाई प्रहरीले पक्राउ गरेको छ ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन:

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घर बाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## उद्घाटन खेलमा वीरगंज महानगर १२ रनले विजयी

प्रस, वीरगंज, ३ वैशाख/

नेपाल राष्ट्र बैंकको ६९औं वार्षिकोत्सवको अवसरमा नेराबैंक, वीरगंजले सोमवारदेखि वीरगंजमा टी-१० क्रिकेट लिग प्रतियोगिता शुरू गरेको छ ।

आदर्शनगर खेलमैदानमा भएको उद्घाटन खेलमा पहिला ब्याटिङ गरी वीरगंज महानगरपालिका कार्यालयले निर्धारित



१० ओभरमा छ विकेटको क्षतिमा ८८ रन बनाएको थियो । ८९ रनको विजयी लक्ष्य पाएको एनवाइएफले १० ओभरमा चार विकेट गुमाएर ७६ रन मात्र बनाएपछि वीमनपा कार्यालयले १२ रनअन्तरले विजयी भयो ।

यस खेलको 'म्यान अफ दी म्याच' वीरगंज महानगरपालिकाका वडा सदस्य दीपेन्द्र राउतलाई नारायणी अस्पतालका सूचना अधिकारी एवं फिजिसियन डा उदयनारायण सिंह र सिद्धार्थ बैंकका प्रदेश प्रमुख सुदीप ताम्राकरले पुरस्कार प्रदान गरेका थिए । यसअघि प्रतियोगिताको उद्घाटन नेरा बैंक, वीरगंजका निर्देशक शरणकुमार अधिकारीले गरेका थिए ।

भोलिको पहिलो खेल वीरगंज बैंकर्स ग्रुप र नेराबैंक, वीरगंज तथा दोस्रो खेल नेपाल पत्रकार महासङ्घ पर्सा र नेपाल मेडिकल एशोसिएशन पर्साबीच हुने नेराबैंक, वीरगंजका सहायक निर्देशक नरेशकुमार सर्राफले बताए ।

वैशाख ५ गतेसम्म हुने प्रतियोगितामा नेरा बैंक वीरगंज, नेपाल पत्रकार महासङ्घ पर्सा, वीरगंज बैंकर्स ग्रुप, नेपाल मेडिकल एशोसिएशन पर्सा, वीरगंज महानगरपालिका कार्यालय र एनवाइएफ वीरगंज सहभागी छन् ।

## नेपाल एसिसी प्रिमियर कपको सेमिफाइनलमा

काठमाडौं, ३ चैत/रासस

नेपाल एसिसी पुरूष प्रिमियर कप टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। आज भएको खेलमा हङकङलाई हराउदै नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ ।

ओमानको अल इमिरेट्स क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले हक्तङलाई आठ विकेटले पराजित गरेपछि समूह चरणको एक खेल अगावै समूह 'ए'बाट सेमिफाइनमा पुगेको हो ।

प्रतियोगितामा ६ अङ्क बटुल्दै नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ। यसअघि नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा कतारलाई ३२ रनले हराएको थियो ।

जितका लागि हङकङले दिएको एक सय १५ रनको लक्ष्य नेपालले १२ दशमलव २ ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेपालका लागि आसीफ शेखले सर्वाधिक ४० रन बनाए । उनले १८ बलमा तीन छक्का र तीन चौका प्रहार गरे ।


तस्वीर: एजेन्सी

त्यसैगरी कुशल भुर्तेलले १९ बलमा तीन चौका र दुई छक्काको मद्धतले ३२ रन जोडे ।

कप्तान रोहित पौडेलले २० बलमा तीन चौकाको मद्धतमा अविजित २५ रन जोडे भने सनदीप जोराले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा अविजित १९ रन बनाए ।

हङकङका इसान खान र यासिम मुर्ताजले समान एकरएक विकेट लिए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउदै एक सय १४ रनको योगफल बनाएको थियो। हङकङका लागि अन्स्या रथले सर्वाधिक ३४ रनको योगदान दिए। उनले २६ बलमा चार चौका र एक छक्का प्रहार गरे ।

त्यस्तै जिसन अलिले १४ रन बनाउदा कप्तान निजकात खानले १२ रन बनाए । त्यस्तै इसान खानले ११ रन बनाउँदा त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बलिङतर्फ नेपालका अभिनास बोहोराले तीन विकेट लिए भने ललित राजबंशी र दीपेन्द्रसिह ऐरीले समान दुईरदुई विकेट लिए । त्यस्तै करण केसीले एक विकेट झारे । नेपालले समूह चरणको अन्तिम खेल यही वैशाख ५ गते साउदी अरेबियासँग खेल्नेछ ।

# नियमावली संशोधन हुँदा अधिकांश न्यायाधीश चिन्तामा -अध्यक्ष घिमिरे

काठमाडौं, ३ वैशाख/रासस

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) का कारण अधिकांश न्यायाधीश चिन्तामा परेको बताएका छन् ।

बारमा सोमवार आयोजित पत्रकार सम्मेलनमा उनले उक्त नियमावली संशोधनपछि ९० प्रतिशत न्यायाधीश चिन्तामा परेको भन्दै बार चुप लागेर बस्ने अवस्था नभएको उल्लेख गरे ।

"न्यायपरिषद् नियमावली संशोधनका कारण ९० प्रतिशत न्यायाधीशहरू चिन्तामा पर्नुभएको अवस्था छ," अध्यक्ष घिमिरेले भने, "यस्तो अवस्थामा बार टुलुटुलु हेरेर बस्ने अवस्था रहेन, न्यायाधीशको मर्यादाक्रम, सेवाशर्त संविधानमा भएको व्यवस्थाविरुद्ध छ ।"

बारले सर्वोच्च अदालतका न्यायाधीशको कार्यकाल सात वर्षको रहने गरी व्यवस्था गर्नुपर्ने, न्यायपालिकामा हुन सक्ने विसङ्गति, अनियमितता र भ्रष्टाचार एवं बिचौलियाबाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामसम्बन्धी हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

साथै, अन्य प्रतिवेदन कार्यान्वयनका लागि न्यायपालिकाको पुनर्संरचना लगायतका विषयमा आगामी राष्ट्रिय सम्मेलनमा प्रस्तावका लागि छलफल गरी निर्णय गर्ने उद्देश्यका लागि वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय अध्ययन तथा सुझाव समिति गठन गरी कार्य प्रारम्भ गरेको जनाइएको छ ।

उक्त समितिको सदस्यमा वरिष्ठ अधिवक्ताहरूमा मुक्ति प्रधान, सविता भण्डारी बराल, डा चन्द्रकान्त ज्ञवाली, रमेश बडाल, अधिवक्ताहरू खम्मबहादुर खाती, पङ्कज कर्ण, अधिवक्ता दीपेन्द्र झा र यज्ञमणि न्यौपाने रहेका छन् ।